स्थानीय सरकार

त्रिपुरासुन्दरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट बगर, डोल्पा

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८१।०८२ चलानी नं. सुचना मिति: २०८२।०३।३०

ने.सं.११४५ दिल्लाथ्व ४ सोमवार

**विषय: सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र नविकरण गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र (श्रावण १ देखि भाद्र मसान्त सम्म दुई महिना) सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था भएकोले राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको च.नं.३३९, मिति २०८२।०३।३० गतेको निर्देशानुसार यस नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले आ.व.२०८२/८३ को भत्ता प्राप्त गर्नका लागि यहि २०८२ साउन १ देखि २०८२ भाद्र मसान्त सम्म सम्बन्धित वडा कार्यालयमा तपशिलका कागजातहरु सहित उपस्थित भई सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र नविकरण गर्न गराउनु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

<u>तपशिल</u>

| क.सं | सामाजिक सुरक्षा किसिम | आवश्यक कागजात |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक अन्य/ज्येष्ठ नागरिक दलित | ➢ नेपाली नागरिकताको प्रतिलिपि १ प्रति<br>➢ १ प्रति पासपोर्ट साइजको फोटो<br>➢ राष्ट्रिय परिचय पत्र नं. |
| २ | ज्येष्ठ नागरिक एकल महिला/विधुवा महिला | ➢ नेपाली नागरिकताको प्रतिलिपि १ प्रति<br>➢ १ प्रति पासपोर्ट साइजको फोटो<br>➢ अर्को विवाह नगरेको प्रमाणित कागज<br>➢ पतिको मृत्यु दर्ताको प्रतिलिपि १ प्रति<br>➢ राष्ट्रिय परिचयपत्र नं. |
| ३ | अति अशक्त अपाङ्गता/पूर्ण अपाङ्गता | ➢ नेपाली नागरिकताको प्रतिलिपि १ प्रति<br>➢ १ प्रति पासपोर्ट साइजको फोटो<br>➢ अपाङ्गताको कार्ड प्रतिलिपि १ प्रति<br>➢ राष्ट्रिय परिचय पत्र नं. |
| ४ | लोपोन्मुख जातजाती | ➢ नेपाली नागरिकताको प्रतिलिपि १ प्रति<br>➢ १ प्रति पासपोर्ट साइजको फोटो<br>➢ राष्ट्रिय परिचय पत्र नं. |
| ५ | दलित बालबालिका | ➢ जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति<br>➢ संरक्षकको नागरिकताको प्रतिलिपि १ प्रति<br>➢ १ प्रति पासपोर्ट साइजको फोटो |

नोटः आ.व.०८२/०८३ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि राष्ट्रिय परिचयपत्र नं. अनिवार्य रहेको हुँदा राष्ट्रिय परिचय पत्र नं नभएको खण्डमा नविकरण गरिने छैन। साथै आ.व.२०८२/८३ देखि बायोमेट्रिक मेसिन द्वारा नविकरण गरिने हुँदा स्वयम् व्यक्ति अनिवार्य उपस्थित हुनुपर्नेछ। बालबालिका आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्ष भन्दा माथिको ज्येष्ठ नागरिकको हकमा राष्ट्रिय परिचय पत्र नं. नभए तापनि सेवा लिन बाधा पर्ने छैन।

भिम बहादुर थापा

भिम बहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत